## बैठक संख्या – १५

आज मिति २०८२/१२/१७ गतेका दिन यस बेलडाँडी गाउँपालिकाका अध्यक्ष श्री हरिश चन्द्र राना ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक देहायका पदाधिकारीको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय पारित गरियो।

उपस्थिति

| क्र.स. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री हरिश चन्द्र राना | अध्यक्ष | |
| २ | श्री शान्ती नाथ | उपाध्यक्ष | |
| ३ | श्री गज बहादुर बिष्ट | सदस्य | |
| ४ | श्री नारद सिंह उर्याल | सदस्य | |
| ५ | श्री दुर्गा प्रसाद चौधरी | सदस्य | |
| ६ | श्री विर बहादुर खड्का | सदस्य | |
| ७ | श्री ईन्द्र बहादुर खड्का | सदस्य | |
| ८ | श्री गौरी देवी पाध्या | सदस्य | |
| ९ | श्री हर्कमती पाध्या | सदस्य | |
| १० | श्री तारा देवी गिरी | सदस्य | |
| ११ | श्री बसन्ती सुनार | सदस्य | |
| १२ | श्री चेतराम माली | सदस्य | |
| १३ | श्री मिना सुनार | सदस्य | |
| १४ | श्री रामकृष्ण वि.क. | सदस्य सचिव | |

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

## बैठक संख्या- १५/ २०८२-०८३/मिति २०८२/१२/१७ गते

**प्रस्ताव नं. १ स्वीकृत दरबन्दी भित्र विभिन्न पदमा करार सेवा मार्फत् पदपूर्ति गर्ने सम्बन्धमा ।**

**निर्णय नं. १:** प्रस्ताव नं.१ माथि छलफल गर्दा गाउँपालिकाको कार्यालय र वडा कार्यालय लगायत स्वास्थ्य संस्थामा विगत लामो समय देखी कार्यरत रहेका कर्मचारी जस्तै सवारी चालक, कार्यालय सहयोगी, माली तथा स्वास्थ्यकर्मीहरुको करार नियुक्ति सम्बन्धि स्पष्ट निर्णय तथा प्रक्रियाका अभावमा २०८२ माघ १ गतेदेखि करार सम्झौता नवीकरण नगरिएको र कार्यालयको कामकाज प्रभावित नहोस् भनेर कार्यरत कर्मचारीहरुलाई दैनिक ज्यालादारीबाट कामकाज गराउदै आएको सन्दर्भमा कार्यरत कर्मचारीको हाजिरका आधारमा तलब भुक्तानी गर्दा कुनै महिना सार्वजनिक विदा धेरै भएको अवधिमा तलबभत्ता निकै न्यून हुनेभएकाले लामो समय देखी कार्यालयको निरन्तर सेवामा खटिएका तपशिलका कर्मचारीहरुलाई २०८३ बैशाख १ गते देखी माशिक ज्यालादारी सेवामा पदस्थापन गर्ने सर्वसम्मतले निर्णय पारित गरियो ।

तपशिल-

| | | | |
|---|---|---|---|
| १ | ~~[illegible]~~ | १६ | प्रकाश चौधरी (स्वीपर) (स्वास्थ्य तर्फ) |
| २ | ललित बहादुर शाहु (का.स.) | १७ | पार्वती देबी चौधरी स्वीपर (स्वास्थ्य तर्फ) |
| ३ | गणेश बुढा (का.स.) | १८ | नरेन्द्र बहादुर बुढा का.स. (स्वास्थ्य तर्फ) |
| ४ | प्रकाश बहादुर विष्ट (का.स.) | १९ | कर्ण बहादुर धामी (ह.स.चा.) |
| ५ | पुष्पा थापा (का.स.) | २० | बासुदेव भट्ट (हे.स.चा.) |
| ६ | पुष्पा बुढा (का.स. भूमी) | २१ | सुरेश सुनार (हे.स.चा.) |
| ७ | हिमा चुनारा (स्वीपर) | २२ | पदम बहादुर खड्का (हे.स.चा.) |
| ८ | गोमा देवी चौधरी (स्वीपर) | २३ | चेतन बुढा (एम्बुलेन्स चालक) |
| ९ | हिमा देवी भाट (माली) | २४ | पदम राज जैशी (अमिन) |
| १० | दिनेश चौधरी (का.स.३) | २५ | नरेश राना (स्वास्थ्य तर्फ) |
| ११ | गोपिलाल चौधरी (का.स.४) | २६ | गणेश बहादुर बस्नेत (स्वास्थ्य तर्फ) |
| १२ | खिमा कुमारी बुढा (का.स.५) | २७ | उर्मिला खड्का अनमी (Covid) |
| १३ | प्रेम सागर बडायक (का.स.आँखा) | २८ | मनिषा टेर अनमी (Covid) |
| १४ | जमुना गिरी (स्वीपर) (स्वास्थ्य तर्फ) | २९ | साधुराम राना ल्या अ (स्वास्थ्य तर्फ) |
| १५ | लक्ष्मी बुढा थापा स्वीपर (स्वास्थ्य तर्फ) | ३० | रघुनाथ राना ल्या अ (स्वास्थ्य तर्फ) |

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. २ प्राविधिक कर्मचारीको फिल्ड/प्राविधिक भत्ता बेरुजु कायम भएको सम्बन्धमा।

निर्णय नं. २: प्रस्ताव नं. २ माथि छलफल गर्दा महालेखा परीक्षकको कार्यालय बाट यस कार्यालयको आर्थिक वर्ष २०८१/०८२ को अन्तिम लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा कायम भएको बेरुजु सार्वजनिक खर्चलाई मितव्ययी बनाउन कार्यविधि अनुरुपको खर्च भएकोले बेरुजु कायम हुन नपर्ने थियो। स्थानीय सरकार मार्फत प्रवाह हुने सेवालाई प्रभावकारी र मितव्ययी बनाउन नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्म अनुरुप कर्मचारीहरुलाई स्थानीय सरकारप्रति प्रतिबद्ध गराई उत्प्रेरणा र कार्यसम्पादनमा उच्च प्रभावकारीता हासिल गराउने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार बमोजिम बेलडाँडी गाउँपालिकाले प्राविधिक कर्मचारी फिल्डभत्ता सम्बन्धि कार्यविधि, २०८० लागु गरेको छ। यो कार्यविधि लागु हुनुपूर्व प्राविधिक कर्मचारीहरुलाई भुक्तानी गरिदैं आएको नियमित इन्धन खर्च, सञ्चार शुल्क, खाजा खर्च तथा सवारी मर्मत सम्भार खर्च अत्याधिक हुने गरेकोमा सो लाई व्यवस्थित, पारदर्शी र मितव्ययी बनाउने उद्देश्यले मिति २०८१/०१/०१ गते देखि लागु हुने गरि २०८०/१२/३० गते कार्यपालिका बाट प्रमाणिकरण भई गाउँसभाबाट कार्यविधि स्वीकृत भएको हो। यसकारण प्राविधिक फिल्ड भत्ताको सन्दर्भमा महालेखा परीक्षकको कार्यालयको प्रारम्भिक प्रतिवेदनमा कायम बेरुजुलाई हटाईदिन मलेप लाई सिफारिस गर्ने सर्वसम्मतले निर्णय पारित गरियो

प्रस्ताव नं. ३ अविवाहित तथा यौनिक अल्पसङ्ख्यक व्यक्तिहरुको छुट सामाजिक सुरक्षा भत्ता सम्बन्धमा।

निर्णय नं. ३: प्रस्ताव नं.३ माथि छलफल गर्दा चालु आर्थिक वर्ष २०८२/०८३ मा बेलडाँडी गाउँपालिका अन्तर्गत अविवाहित तथा यौनिक अल्पसंख्यक व्यक्तिहरुलाई गत विगत वर्षहरुमा प्रदान हुदै आईरहेको सामाजिक सुरक्षा भत्ता बजेट विनियोजन गर्दा छुट हुन गएकोले सम्बन्धित लाभग्राहीहरुलाई सामाजिक सुरक्षा शिर्षक बाट सो रकम भुक्तानी गर्ने सर्वसम्मतले निर्णय पारित गरियो ।

प्रस्ताव नं. ४ सामाजिक सुरक्षा कोषमा आबद्धता सम्बन्धमा।

निर्णय नं. ४: प्रस्ताव नं.४ माथि छलफल गर्दा नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सामाजिक सुरक्षा कोषको मिति २०८२/०९/१७ गतेको करार र ज्यालादारी लगायतका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने परिपत्र भई आएकोमा हाल पालिका संग आवश्यक बजेटको अभाव भएका कारण आगामी आर्थिक वर्ष २०८३/०८४ बाट सम्बन्धित कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराई नियमित योगदान रकम जम्मा गर्ने सर्वसम्मतले निर्णय पारित गरियो ।

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. ५ राष्ट्रिय आर्थिक गणना कार्यक्रम सम्बन्धमा।**

**निर्णय नं. ५: प्रस्ताव नं.५ माथि छलफल गर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.२०८२/०८३, च.नं.२९८ मिति २०८२/११/२७ गते र राष्ट्रिय तथ्याङ्क कार्यालयको प.सं. २०८२/०८३, च.नं. ९२०, मिति २०८२/११/२५ गतेको परिपत्र अनुसार दोस्रो राष्ट्रिय आर्थिक गणना कार्यलाई सहयोग तथा सहजीकरण गर्न गाउँपालिका अध्यक्षको संयोजकत्वमा "स्थानीय आर्थिक गणना समन्वय समिति" र वडा अध्यक्षको संयोजकत्वमा "आर्थिक गणना वडा सहजीकरण समिति" गठन गर्ने र उक्त समितिको बढीमा ३ वटा सम्म बैठक व्यवस्थापन खर्च पालिकाले नै व्यहोर्ने समेत सर्वसम्मतले निर्णय पारित गरियो ।**

प्रस्ताव नं. ६ राज्य सुविधा परिचयपत्र वितरण सम्बन्धमा।

निर्णय नं. ६: प्रस्ताव नं. ६ माथि छलफल गर्दा नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.२०८२/०८३, च.नं.३१८ मिति २०८२/१२/०८ गतेको परिपत्र अनुसार गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका,२०७५ बमोजिम राज्य सुविधा परिचयपत्र तत्काल वितरण गर्नुपर्ने भएकोले सामाजिक विकाश शाखा प्रमुख श्री हेमराज रेग्मी जोशी बाट सम्बन्धित वडा कार्यालयहरुमा गई परिचयपत्र प्रमाणित गरि वितरण गर्ने र सो वितरण कार्यक्रमको शिलशिलामा भएको विविध खर्च नेपाल सरकार अर्थ मन्त्रालयको खर्च सम्वन्धि मापदण्ड अनुसार भुक्तानी दिने सर्वसम्मतले निर्णय पारित गरियो ।

प्रस्ताव नं. ७ निर्माण व्यवसायी/सप्लायर्स लाई कालोसूचीमा राख्न सिफारिस सम्बन्धमा।

निर्णय नं. ७: प्रस्ताव नं. ७ माथि छलफल गर्दा बेलडाँडी गाउँपालिका अन्तर्गत वडा नं. ५ शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको किनारा क्षेत्रमा सोलार बत्ती जडान योजनाको E-Bid मार्फत बोलपत्र आव्हान गरिएकोमा उक्त खरिद प्रक्रियामा माही विल्डर्स एण्ड डेपलपर्स, भि.न.पा. ६ कञ्चनपुर छनौट भएको तर सार्वजनिक खरिद ऐन, २०६३ अनुसार उक्त बोलपत्रदातालाई खरिद सम्झौताका लागि पत्राचार गर्दा समेत तोकिएको समय सीमा भित्र नआएको हुँदा उक्त वोलपत्रदाता माही विल्डर्स एण्ड डेपलपर्स, भि.न.पा. ६ कञ्चनपुर सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३(१)(ख) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४१(१) बमोजिम कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालय काठमाण्डौं लाई सिफारिस गर्ने सर्वसम्मतले निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ८ मुक्त कमैया,कमलरीको लगत संकलन तथा कार्यक्रममा साझेदारी सम्बन्धमा।**

**निर्णय नं. ८: प्रस्ताव नं. ८ माथि छलफल गर्दा बेलडाँडी गाउँपालिका अन्तर्गत रहेका मुक्त कमैया र कमलरी हरुको लगत तथा विवरण वडा कार्यालय बाट संकलन भए पश्चात सो विवरण अनुसार घर तथा टहरा निर्माणका लागि लागत अनुमान तयार गरि लागत अनुमानका आधारमा आगामी**

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

आर्थिक वर्ष २०८३/०८४ मा लागत साझेदारीमा बजेट सुनिश्चित गर्ने सर्वसम्मतले निर्णय पारित गरियो ।

प्रस्ताव नं. ९ गाउँ शिक्षा समिति गठन सम्बन्धमा ।

निर्णय नं. ९: प्रस्ताव नं.९ माथि छलफल गर्दा बेलडाँडी गाउँपालिका स्तरीय गाउँ शिक्षा समितिको समयावधि समाप्त भई नयाँ गाउँ शिक्षा समिति गठन गर्नु पर्ने भएकाले शिक्षा ऐन, २०२८ (संशोधन सहितको दफा ११ ट को उपदफा (१) को खण्ड (ख) र खण्ड (ङ) बमोजिमका तपशिलका सदस्यहरु गाउँ शिक्षा समितिमा छान्ने/मनोनयन गर्ने सर्वसम्मतले निर्णय पारित गरियो ।

तपशिल-

खण्ड (ख) बमोजिमका सदस्यहरु

१. दुर्गा प्रसाद चौधरी
२. गौरी पाध्या

खण्ड (ङ) बमोजिमका सदस्यहरु

१. देबी कुमारी शाह
२. गोरख बहादुर चन्द

प्रस्ताव नं. १० अक्षयकोष स्थापनार्थ खाता खोल्न सिफारिस सम्बन्धमा।

निर्णय नं. १०: प्रस्ताव नं. १० माथि छलफल गर्दा बेलडाँडी गाउँपालिका अन्तर्गत श्री बैजनाथ माध्यमिक विद्यालय, बेलडाँडी ५ झिलमिला कञ्चनपुरले अक्षयकोष सञ्चालन निर्देशिका-२०८२ र विद्यालय व्यवस्थापन समितिको निर्णय सहित अक्षयकोष संचालनका लागि निवेदन पेश गरेकोमा संलग्न कागजातका आधारमा खाता सञ्चालनका लागि एनएमबी बैंक बेलडाँडी शाखालाई सिफारिस गर्ने सर्वसम्मतले निर्णय पारित गरियो ।

प्रस्ताव नं. ११ एम्बुलेन्स र जेसिबी मर्मत सम्बन्धमा।

निर्णय नं. ११: प्रस्ताव नं. ११ माथि छलफल गर्दा गाउँपालिका अन्तर्गत रौतेली प्राथमिक स्वास्थ्य केन्द्रको एम्बुलेन्स मर्मत गर्नुपर्ने भएकोले लागत अनुमान तयार गरि सो को आधारमा मर्मत गर्ने तर जेसिबी पटक पटक मर्मत गर्दा पनि पुन: मर्मत गर्नुपर्ने देखिएकोले सवारी साधन शिर्षकमा पर्याप्त बजेट नभएको हुँदा तत्काल मर्मत गर्न नसकिने सर्वसम्मतले निर्णय पारित गरियो ।

प्रस्ताव नं. १२ माध्यमिक विद्यालयहरुको रनिङ शिल्ड तयारी खर्च सम्बन्धमा।

निर्णय नं. १२: प्रस्ताव नं. १२ माथि छलफल गर्दा बेलडाँडी गाउँपालिकाको १८ औं हिउँदे सभाबाट जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता शिर्षकमा विनियोजित रकम रु.४,००,०००/- बाट

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

प्रत्येक माध्यमिक विद्यालय लाई प्रतियोगिता तयारी खर्च बापत रु.६०,०००/- का दरले भुक्तानी गर्ने सर्वसम्मतले निर्णय पारित गरियो ।

प्रस्ताव नं. १३ निष्क्रिय सामाजिक सुरक्षा भत्ता खाता सम्बन्धमा।

निर्णय नं. १३: प्रस्ताव नं. १३ माथि छलफल गर्दा गाउँपालिका को कार्यालय बाट सामाजिक सुरक्षा भत्ता प्रात गर्ने लाभग्राहीहरुको मिति २०७९ श्रावण १ गते भन्दा अघि खोलिएका खाताहरु अन्तिम ३ वर्ष सम्म पनि कुनै कारोबार नभएकोले सम्बन्धित लाभग्राहीको जानकारीका लागि वडा कार्यालयहरुमा सूचना टाँस गर्ने सर्वसम्मतले निर्णय पारित गरियो ।

प्रस्ताव नं. १४ बाटोका लागि कित्ताकाट गर्न प्रतिकानिधि तोक्ने सम्बन्धमा।

निर्णय नं. १४: प्रस्ताव नं. १४ माथि छलफल गर्दा वडा नं. ३ वडा कार्यालयको नवनिर्मित भवन जाने बाटोको नापी र मालपोत कार्यालय बेलौरी गई कित्ताकाट गर्नुपर्ने भएकोले उक्त कार्यमा सहजीकरणका लागि वडा नं. ३ का वडाध्यक्षज्यू श्री दुर्गा प्रसाद चौधरीलाई प्रतिनिधि तोक्ने सर्वसम्मतले निर्णय पारित गरियो ।

प्रस्ताव नं. १५ योजना संशोधन सम्बन्धमा।

निर्णय नं. १५: प्रस्ताव नं. १५ माथि छलफल गर्दा बेलडाँडी गाउँपालिका वडा नं. ४ को नवनिर्मित भवनमा चालु आर्थिक वर्षमा प्रवेशद्धार निर्माण शिर्षकमा बजेट विनियोजन भएको तर हाल प्रवेशद्धार भन्दा पनि पर्खाल निर्माण अति आवश्यक रहेको हुँदा उक्त बजेट बाट पर्खाल निर्माणको कार्य गर्ने सर्वसम्मतले निर्णय पारित गरियो ।

प्रस्ताव नं. १६ ठेक्का भेरिएशन आदेश सम्बन्धमा।

निर्णय नं.१६: प्रस्ताव नं. १६ माथि छलफल गर्दा बेलडाँडी गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत कार्यक्रम अनुसार ठेक्का नं. BRM/2082/083/works/NCB-01 बेलडाँडी गा.पा. वडा नं. २ चवन्नी बजार देखी कान्छीबजार सम्म सडक कालोपत्रे गर्ने कार्यको सम्झौता भई कार्य सञ्चालन गर्ने क्रममा सडकको ड्रेन निर्माण गर्ने क्रममा सडकको क्षेत्राधिकार भित्र पर्न गएका भवन तथा संरचनाहरु भत्काउनु पर्ने भएको र ठेक्का हुनुपूर्व उक्त संरचनाहरु घरधनीहरुले स्वयं हटाउने समझदारी भएको तथा भत्काउने सम्बन्धि सूचना समेत प्रकाशित भएको तर ठेक्का सम्झौता भई कार्य सुचारु भईसक्दा समेत संरचनाहरु नभत्काईएका कारण निर्माण कार्यमा ढिलाई हुन जाने भएकोले भक्त संरचनाहरु भत्काउनका लागि सोही निर्माण व्यवसायी श्री DDL- Guransh Pant J.V. भि.न.पा. १८, कञ्चनपुरलाई नै ठेक्कामा भेरिएशन आदेश जारी गरि सडक क्षेत्राधिकार भित्र रहेको संरचनाहरु हटाउने सर्वसम्मतले निर्णय पारित गरियो।

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. १७ सडक बोर्ड बाट प्राप्त बजेटमा साझेदारी सम्बन्धमा।

निर्णय नं. १७: प्रस्ताव नं. १७ माथि छलफल गर्दा बेलडाँडी गाउँपालिकाको मिति २०८२/१०/२० गतेको गाउँ कार्यपालिकाको बैठकको निर्णय नं. ३ मा सडक बोर्ड नेपाल बाट पालिकालाई प्राप्त भएको बजेट रु.१४,६०,०००/- मा पालिकाको तर्फबाट कम्तिमा २० प्रतिशत साझेदारी गर्नुपर्ने रकम रु.३,६५,०००/- हुनुपर्नेमा रु.३,१५,०००/- मात्र छुट्याउने निर्णय भएको हुँदा उक्त मितिमा छनौट गरिएका योजनाहरुमा पालिकाको २० प्रतिशत साझेदारी रकम सहित रु.१८,२५,०००/- बजेट मार्फत तपशिलका योजनाहरु कार्यान्वयन गर्ने सर्वसम्मतले निर्णय पारित गरियो ।

तपशिल-

क) जनजाति संग्रहालय देखी बनपुरवा हुँदै बेलौरी -१० जोड्ने सडक मर्मत तथा स्तरोन्नती– रु.६,००,०००/-

ख) वडा नं. १ र २ जोड्ने लेटाको बाढीले क्षति पुर्याएको सडकमा ग्रेभल तथा मर्मत- रु.६,२५,०००/-

ग) वडा नं. २ बैजनाथ मन्दिर देखी खैरीघाट नहर सम्म सडक ग्रेभल- रु.६,००,०००/-

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner